## मिति २०८२/१२/१९गतेको कार्यपालिका बैठकका निर्णय

### निर्णय नं. १

आन्तरिक राजश्व कार्यालय बुटवल रुपन्देहीको च.न. २२८९ मिति २०८२/१२/१७ को पत्रानुसार सैनामैना नगरपालिकाबाटकर सम्वन्धी सेवा सञ्चालन गर्ने सम्वन्धमा स्थानीय तह (पालिका) वाट कार्यक्षेत्र शर्तहरु (Tearms of Reference: TOR) तथा स्थानीय तहहरुबाट सेवा प्रवाह गर्ने सम्वन्धी कार्यविधि, २०८२ अनुसार समन्वय तथा सम्झौता (Terms of Reference: TOR) गर्नपत्राचार भए बमोजिम नगरपालिकाले आन्तरिक राजश्व कार्यालय बुटवलसंग समन्वय तथा सम्झौताका (Terms of Reference: TOR) का लागिअनुरोध गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

सैनामैना नगरपालिकाको निजी शैक्षिक गुठीको विधान दर्ता सम्वन्धी कार्यविधि, २०८२ लाई सैनामैना नगरपालिकाको केही कानून तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४ को दफा ४ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

पशुपति माध्यमिक सैनामैना १० रुपन्देहीको प्राथमिक तह तृतिय श्रेणिको स्थायी शिक्षक पदमा कार्यरत श्री सावित्रा पौडेललाई सैनामैना प.प. माध्यमिक विद्यालय सैनामैना १ रिक्त रहेको सोही तहको शिक्षक पदमा दुवै विद्यालयको सहमति र नगर शिक्षा समितिको सिफारिस बमोजिम सरुवा गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

गरीवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०८२ बमोजिम तपसिलको उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

| | | |
|---|---|---|
| क) नगर प्रमुख | | संयोजक |
| ख) नगर उपप्रमुख | | सदस्य |
| ग) प्रमुखप्रशासकीयअधिकृत | | सदस्य |
| घ) आर्थिक विकास समिति संयोजक | | सदस्य |
| ङ) कार्यपालिका सदस्य | श्री मन कुमारी राई | सदस्य |
| च) महिलाउद्यमी | श्री सुमित्रा अर्याल सैनामैना ४ | सदस्य |
| छ) सहकारीप्रतिनिधि श्री दिनेश पौडेल रामनगर सहकारी सस्था लि | | सदस्य |
| ज) शाखाप्रमुख आर्थिक विकास शाखा | | सदस्य-सचिव |

तुलसीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

## मिति २०८२/१२/१९गतेको कार्यपालिका बैठकका निर्णय

### निर्णय नं. ५

आ.व. २०८३/०८४ का लागि तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम देहाय बमोजिमका योजना छनौट एवं लागत साझेदारी हुने गरी स्वीकृतीका लागितराई मधेश समृद्धि कार्यक्रमसिंहदरवार काठमाण्डौमा पठाउने निर्णय गरियो ।

| क स | योजनाको नाम | कुल लागत | नगरपालिका | तराई मधेश समृद्धि कार्यक्रम |
|---|---|---|---|---|
| १ | पश्चिम परोहा माध्यमिक विद्यालय पूर्वाधार निर्माण सैनामैना ५ रुपन्दही | १५०००००० | ४५००००० | १०५००००० |
| २ | पहिलाखोला सिंचाई सैनामैना ११ रुपन्देही | १६०००००० | ४८००००० | ११२००००० |
| ३ | खकनापुर-झारवैरा सिंचाई कुलो निर्माण (आदर्श टोल समेत) सैनामैना ३ रुपन्देही | १५७००००० | ४८००००० | १०९००००० |

### प्रस्ताव नं. ६

सैनामैना नगरपालिका वडा नं. ११ अन्तरगत कञ्चन खोलाको विभिन्न घाटहरुबाट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा व्यवस्थापन कार्यको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) सैनामैना नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा ७ को उपदफा ४ बमोजिमस्वीकृत गर्ने निर्णय गरियो ।

### प्रस्ताव नं. ७

सैनामैना नगरपालिकाको'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७४ बमोजिम आयन्स निर्माण कम्पनी प्रा.लि. सैनामैना ३ रुपन्देहीलाई 'घ' वर्गको इजाजत उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. ८

चालु आ.व. मा विनियोजन भएक तपसिलका वडागत योजनाहरुको नाम संशोधन गरिदिन वडा कार्यालयबाट निर्णय भइ आएकोमा सोही बमोजिम नै कार्यक्रम संचालन गर्ने गरी योजना संशोधन गर्ने निर्णय गरियो ।

१. वडा नं. ८ को दलित युवायुवतिहरुलाई नेतृत्व विकास कार्यक्र रु. ५०००० लाई दलित युवायुवतिहरुलाई सिपमूलक तालिम कार्यक्रम रु.५००००।

२. वडा नं. ८ को वडा स्तरीय मर्मत सम्भारबाट सुर्यनगर टोलमा स्यालो ट्युवेल जडान रु.२२००००।

३. वडा नं. १० को वडास्तरीय मर्मत सम्भारबाट प्रतिक्षालयल निर्माण सैनामैना १० रु. १०००००।

४. सैनामैना १० को अपाङ्ग भएका व्यक्तिहरुलाई सहायता समाग्री वितरण कार्यक्रमको लागि रु. १००००० बाट अपाङ्ग भएका व्यक्ति तथा अभिभावकहरुलाई क्षमता विकास कार्यक्रम रु.१०००००।

तुलसीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख